**Nepalese Culture**
**Vol. 17 : 125-141, 2024**
**Central Department of NeHCA,**
**Tribhuvan University, Kathmandu, Nepal**
**DOI: https://doi.org/10.3126/nc.v17i1.64414**

# नवपाषाण उपकरण 'बैथर' : पूर्वी पहाडका किरातहरूको संस्कृति र प्रागइतिहास

**भोगीराज चाम्लिङ**
शोधार्थीः विद्यावारिधि, संस्कृति विभाग, त्रि.वि.
chamlingbhogi2@gmail.com

## लेखसार

*हलेसी र समग्र पूर्वी पहाडमा नवपाषाण उपकरण बैथर थुप्रै संख्यामा फेला पार्न सकिन्छ तर लोप हुने क्रम पनि तीव्र छ । यो लेखमा पूर्वी पहाडका किरात राईहरूले वज्रढुङ्गाका रूपमा घरघरमा सुरक्षित राखिने नवपाषाण उपकरण 'बैथर' र त्यसको किरात राई समाजमा विद्यमान सांस्कृतिक स्थानका आधारमा प्रागइतिहासबारे विमर्श गरिएको छ । तसर्थ, यो लेख प्रागइतिहास अध्ययनमा नवीन प्राज्ञिक अन्वेषण गर्ने अग्रसरता हो । पुरातात्त्विक शिल्पकृतिसम्बन्धी व्याख्यामा सामाजिक आधार प्रदान गर्न तथा प्राग्ऐतिहासिक युगसम्बन्धी अध्ययन गर्न परम्परागत संस्कृति तथा मौखिक ज्ञानहरूको जो उपयोग गर्ने गरिएको छ, त्यससँगै नेपाली इतिहास अध्येताहरूको जनजातीय संस्कृतिले प्रागइतिहास अध्ययनमा महत्त्वपूर्ण भूमिका खेल्न सक्ने मतलाई आधार बनाएर बैथरबारे विश्लेषण गरिएको छ । धामीको मुन्दुमी शक्तिसहितको हतियारका रूपमा लिइने, आदिम समयदेखि पुर्खाहरूले प्रयोग गरिल्याएको भनेर व्याख्या गरिने तथा सांस्कृतिक अभ्यासमा पनि प्रयोग गरिने हुनाले यी बैथरहरू किरात राई समुदायको प्राग्ऐतिहासिकताबारे अध्ययन गर्ने महत्त्वपूर्ण प्रमाण हुन सक्छन् । उत्खनन गरेर जमिनमुनि कुनै खास तहमा फेला नपरेसम्म बनोट र आकारप्रकारका आधारमा तुलना गर्नुपर्ने भएकोले आसामबाट प्राप्त नवपाषाण उपकरणको समयलाई आधार बनाएर पूर्वी पहाडका बैथरहरूलाई बढीमा ४००० वर्ष पहिलेको मानिएको छ । बैथर निर्माण तथा प्रयोग गर्नेहरूमा किराती र नवपाषाण युगको अन्तिमतिर आसामबाट काठमाडौंसम्म आइपुगेर गोरुले नजोती धान खेती सुरूवात गर्ने मुन्डाका पुर्खामध्ये एक अथवा दुवै हुन सक्छन् ।*

***शब्दकुञ्जी :*** बैथर, वज्रढुङ्गा, नवपाषाण उपकरण, मुन्दुम, हलेसी ।

## पृष्ठभूमि

पूर्वी पहाडका किरात राई समुदायले प्रागऐतिहासिकालीन समयलाई पनि सांस्कृतिक सामग्री तथा अभ्यासमार्फत् संरक्षित गरिरहेका छन् । मूलतः पुस्तौंपुस्तादेखि मौखिक ज्ञान-परम्पराका रूपमा संरक्षित हुने भएकोले प्रागइतिहास अध्ययनका लागि यसप्रकारका सांस्कृतिक अभ्यास र वस्तुहरू पनि एउटा भरपर्दो स्रोत हुन्। यस्ता थुप्रैमध्ये एउटा हो बैथर अर्थात् नवपाषाण हतियार । उत्खननकार्य प्रायः शून्य रहेको अवस्थामा नेपालको पूर्वी पहाडमा घरघरमा संरक्षित बैथरहरू प्रागऐतिहासिक नेपाली समाज अध्ययनका लागि अड्कोपड्को तेलको धुप भनेझैं हुन पुगेको छ । केही विद्वान्हरूले पूर्वी पहाडमा पाइने नवपाषाण हतियार फेला पारेर त्यसलाई आकारप्रकारका आधारमा कालक्रम निर्धारण गरेका छन् । त्यसबाहेक गहन अध्ययन हुन सकेका छैनन् ।

किरात राई समाजमा सांस्कृतिक अभ्यासको अभिन्न अंगका रूपमा बैथरलाई घरघरमा संरक्षित गर्ने गरिएको छ। पूर्वी पहाडमा बैथरहरू अझ पनि उल्लेख्य संख्यामा प्राप्त गर्न सकिन्छ तर लोप हुने क्रम उत्तिकै तीव्र रहेको छ । अहिले शिकारका लागि प्रयोग नगरिने भए पनि हजारौं वर्ष प्राचीन बैथरहरू संरक्षित हुनुमा किरात राईहरूको सांस्कृतिक विश्वासले महत्त्वपूर्ण भूमिका खेलेको छ। उनीहरूले बैथरलाई मुन्दुमी पुर्खा पारूहाँ (पारूहाङ)ले आकाशबाट खसाउने वज्रढुङ्गाका रूपमा विश्वास गरेर शक्तिशाली सांस्कृतिक हतियार मान्ने गरेका छन् । त्यस्तै, बैथरलाई औषधिका रूपमा प्रयोग गरिने हुनाले पनि संरक्षित हुनुमा महत्त्वपूर्ण भूमिका खेलेको छ । ती 'वज्रढुङ्गा' नभएर पुरातात्त्विक वस्तु हुन् र खासमा नवपाषाण उपकरण हुन् भन्ने यो लेखमा प्रस्ट पारिएको छ ।

बैथर भनिने यी नवपाषाण उपकरणको प्रयोगकर्ता को थियो ? के ती उपकरणहरू हालका किरातीका पुर्खाहरूले नै प्रयोग गर्थे ? ती नवपाषाण उपकरहरू कति प्राचीन हुन् ? यो लेखमा यी केही आधारभूत सवालमाथि छलफल केन्द्रित गरिएको छ । यी प्रश्नका सन्निकट उत्तर खोजी गर्न पुरातात्त्विक अध्ययनलाई फराकिलो सन्दर्भमा अर्थ्याउन संस्कृति र मौखिक ज्ञान परम्पराको उपयोग गरिएको छ । संस्कृति र मौखिक ज्ञान परम्पराले पुरातात्त्विक तथ्यहरूलाई व्याख्या गर्ने सामाजिक आधार प्रदान गर्ने गर्छन् (Liston & Miko, 2011) । 'एकेडेमिया'मा पुरातात्त्विक शिल्पकृति (Artifact) सम्बन्धी व्याख्या गर्न परम्परागत संस्कृति र मौखिक ज्ञानपरम्पराको उपयोग गर्ने प्रचलन छ (Schaafsma, 2004) । भाषाशास्त्र र मानवशास्त्रमा यसको व्यापक उपयोग हुने गरेको छ। म्यान्मारका पाङ्वा साङ्वा नागाहरूको अनुष्ठान गीत र कथाहरूका आधारमा चीनदेखि म्यानमार र भारतसम्मको उनीहरूको प्रागऐतिहासिक बसाइँसराइ भएको (Morey, 2022) तथा नेपालका दुमी राईहरूको साकेला (भूमि पूजा) र भारतका अउ नागाको मोआत्सी (भूमि पूजा) संस्कृतिबीच विद्यमान संरचनात्मक समानता प्रागऐतिहासिक परिघटना भएको (Wettstein & Stockhausen, 2022) निचोड दिइएका दुई अध्ययनलाई आधारका रूपमा लिइएको छ । यसरी हेर्दा किरात राई समाजमा विशिष्ट सांस्कृतिक विश्वास तथा अभ्यास र व्यवहारिक प्रयोजन हुने बैथरको आदिम किराती पुर्खाहरूसँग सम्बन्ध रहेको हुनसक्ने विश्लेषण प्रस्तुत गरिएको छ ।

बैथरले पूर्वी पहाडको प्रागइतिहास र किराती समाजको प्राचीनताबारे प्रकाश पार्न सहयोग पुग्ने छ । नेपालका नवपाषाण उपकरणहरूसँग तुलनात्मक अध्ययनका लागि पनि यी महत्त्वपूर्ण शिल्पकृति हुन् । यद्यपि

उत्खननद्वारा सङ्कलन गरिएको नभएर घरमा संरक्षित अवस्थामा राखिएको बैथर हुनाले समान बनोटका आसाम (भारत)का नवपाषाण उपकरणसँग तुलना गरी कालक्रम निर्धारण गर्नुपर्ने अवस्था छ ।

## संस्कृति र व्यवहारिक जीवनमा बैथरः स्थलगत नतिजा

पूर्वी पहाडका किरात राई बस्तीमा बैथर सङ्कलन गरी घरमा राखिएको हुन्छ । यसलाई चाम्लिङ भाषामा बैथर (बैठर) भनिन्छ भने खस-नेपाली भाषामा बजरढुङ्गा, वज्रढुङ्गा । यो बाबु-बाजेको पालादेखि सङ्कलन गरी राखिएको हुन्छ । कतिपयले चाहिँ हालसालै पनि फेला पारेर सङ्कलन गर्ने गरेका छन् । तर, विरलै प्राप्त हुने गरेको छ ।

किरात राईहरूमा बैथरको संरक्षणमा पुरानै परम्परागत अभ्यास अनुशरण गर्ने गरिएको छ । धेरैले बैथर (बैठर) घरभित्र चुलामाथि डेसुवा (भार)मा राख्ने गरेका छन् । कतिपयले चुलामा बालिने आगोको धुवाँ बाहिर जाने गरी बनाइएका प्वालहरूमा राख्ने गरेका छन् । स्थलगत अध्ययनका क्रममा हाडुङ्गेको एउटा घरमा यस्तै प्वालमा हात लगाएर खोज्दा बैथर फेला पारेर मलाई उपलब्ध गराएका थिए । यसरी उपलब्ध बैथरमध्ये एउटा पूरै चोइटिएको अवस्थामा फेला परेको थियो भने अर्को चाहिँ आधा भाँच्चिएको अवस्थामा फेला पर्‍यो । हाडुङ्गेकै अर्को घरमा यस्तै प्वालमा भाँच्चिएको बैथर राखेका रहेछन् तर खोजी गर्दा फेला पार्न सकिएन । एकजनाले आफूसँग सग्लो बन्चरो आकारको बैथर भएको बताए तर उनले हराइसकेका थिए । बोहेम्मा (भञ्ज्याङ)का एकजनाले चाहिँ काठको दराजमा राखेर बैथर संरक्षण गरेका थिए ।

बोहेम्मा र हाडुङ्गे दुई गाउँका नयाँ र पुराना घरमा पुगेर बैथरबारे कुराकानी गर्दा हरेक घरमूलीले आफूसँग भएको बताए । थोरैजसोले फेला पारेर अध्ययनका लागि उपलब्ध गराए, अधिकांशले चाहिँ फेला पार्न सकेनन् । यसरी बैथर (बैठर) हराउनुको कारण चाहिँ निम्न थियो- एक, पुरानो घर भत्काएर नयाँ घर बनाउँदा हराउने; दुई, बन्चरोजस्तै देखिने भएकोले केटोकटीहरूले खेलौनाका रूपमा प्रयोग गर्दा हराउने; तीन, सुँगुरको जगर खरिद गर्न गाउँगाउँ आउने लिम्बूहरूले सित्तैमा अथवा थोरै पैसा दिएर लैजाने; चार, राख्ने निश्चित ठाउँ नहुँदा हराउने र पाँच, काम नलाग्ने वस्तु ठानेर केटाकेटीहरूले मिल्काइदिने । यद्यपि सांस्कृतिक र व्यवहारिक जीवनमा विशेष प्रयोजन हुने भएकोले सकेसम्म बैथर संरक्षण गर्ने गरेका छन् ।

सांस्कृतिक अभ्याससँग पनि अन्तरसम्बन्धित भएको हुनाले बैथरबारे तथ्याङ्क सङ्कलनका लागि स्थलगत अवलोकन, मुन्दुम रेकर्डिङ र संक्षिप्त खुल्ला अन्तर्वार्ताजस्ता विधिहरू अवलम्वन गरिएको छ । 'कोभिड-१९' का कारण नेपाल सरकारले 'लकडाउन' गर्ने निश्चित भएपछि काठमाडौंबाट आफ्नै गाउँ हलेसी (खोटाङ) गएको बखत बैथर सङ्कलन र यसबारे स्थलगत अध्ययन गरिएको थियो । स्थलगत अध्ययनका लागि दुईवटा गाउँ छनोट गरिएको थियो- हलेसी तुवाचुङ नगरपालिका, वडा नम्बर ५ स्थित बोहेम्मा (भञ्ज्याङ) र हाडुङ्गे (हात्तप्ढुङ्गे) । यी दुई गाउँ छनोट गर्नुको एउटै कारण थियो- लकडाउनका कारण आफ्नोबाहेक अर्को गाउँमा जान रोक लगाइनु । बोहेम्मा मेरो आफ्नै गाउँ भएकोले र सानो जंगलले मात्रै छुट्ट्याएको छिमेकी गाउँ भएको हुनाले हाडुङ्गेमा घुमफिरमा खासै बाधा थिएन । त्यही अनुकूलताले बैथरबारे अध्ययन सम्भव हुन पुग्यो ।

यी दुई गाउँका बाबुबाजेका पालामा निर्माण गरिएका पुराना र केही वर्षअघि मात्र निर्माण गरिएका नयाँसहित ३३ घर (बोहेम्माका २३, हाडुङ्गेका १० घर)मा पुगेर चार दिन (२०७६ चैत्र १९, २०, २९; २०७७ वैशाख ३) बैथरबारे शोधखोज गरिएको थियो। प्रत्येक घरमूलीसँग संक्षिप्त र अनौपचारिक कुराकानी (अन्तर्वार्ता) गरिएको थियो । त्यस्तै गाउँका अन्य विज्ञ स्रोतव्यक्तिहरूसँग पनि अनौपचारिक रूपमा बैथरबारे कुराकानी गरिएको थियो । त्यसबाहेक त्यस क्षेत्रका किरात राई धामी तथा मुन्दुम र संस्कारका ज्ञाताहरूसँग पनि अनौपचारिक अन्तर्वार्ता गरिएको थियो । त्यसबाहेक मुन्दुममा बैथरबारे उल्लेख हुने भएकोले अर्कै प्रयोजनका लागि २०७१ सालमा मैले नै छोरम्बु (खोटाङ) का धामी त्रिभुराज राईबाट सङ्कलन गरेको मुन्दुमको रिसिया पनि उपयोग गरिएको छ ।

## वज्रढुङ्गा

स्थलगत अध्ययनका क्रममा शिक्षित, अशिक्षित सबैले बैथर (बैठर)लाई विजुली चम्किँदा आकाशबाट खस्ने वज्रढुङ्गा बताए । उनीहरूमा चट्याङ परेको ठाउँमा यस्तो ढुङ्गा भेटिन्छ भन्ने आम विश्वास थियो । तर, कसैले पनि चट्याङ परेको स्थलमा बैथर भेटिएको बताउन सकेनन् । बरू बारी खनजोत गर्दा, बारीमा हिँड्डुल गर्दा, वनजंगलमा घाँस-दाउरा गर्न गएको बखत या गाईवस्तु गोठाला चराउन जाँदा फेला पर्ने बताए । यसबारे जितराज राईको भनाइ यस्तो थियो, “चट्याङ परेको स्थानमा हामीले आजसम्म यस्तो भेटेका छैनौं तर हाम्रो विश्वास चाहिँ यो आकाशबाटै पर्छ भन्ने हो ।” चोइटियो भने पृथ्वीमै रहन्छ, सग्लो भयो भने त्यो चट्याङढुङ्गा पुनः आकाशमै फर्किन्छ भन्ने विश्वास स्थानीयहरूको थियो । संयोगवश, आकाशबाट खसेको चट्याङढुङ्गा (वज्रढुङ्गा)का बारेमा पनि जानकारी र तस्बिर सङ्कलन गर्ने अवसर प्राप्त भयो । त्यो चट्याङढुङ्गा कालो त थियो तर बन्चरोजस्तो थिएन, मृगौला आकारको लाम्चो थियो ।

लगभग २०७४ सालतिर पानी परेको बखत डाँडामा रहेको हाडुङ्गेका दयानसरी राईको एक्लो घरमा चट्याङ पर्‍यो । चट्याङ परेको चर्को आवाजले तर्सिएर एकजना छिमेकी लड्यो । घरनजिकै चट्याङ परेको आवाज आएको हुनाले कहाँ के भयो भनेर खोजी गर्दा दयानसरी राईको घरमा चट्याङ परेको रहेछ । सिमेन्ट प्लास्टर गरेर बनाइएको हुनाले घरमा आगो लागेन तर एकतले घरको छानाको प्लास्टर फुटेर पानी चुहिने भएको थियो । छिमेकीहरूले घर देखाउन हाडुङ्गेकै ठेकेदार (भक्त राई)लाई बोलाएर छतमा पसेर हेर्दा चोइटिएको एउटा सानो कालो ढुङ्गाजस्तो वस्तु फेला परेको थियो (कुराकानी मानसेर राई, २०७६ चैत २०) ।

कुराकानीका क्रममा भक्त राईले यस्तो बताएका थिए-

“मैले उषाम्मा (दयानसरी राई)को घर ठेक्कामा बनाइदिएको थिएँ । वहाँहरू बेलायत हुनुहुन्थ्यो । घर बनाइसकेको निकै पछि वर्षामा छतबाट पानी चुहियो भनेर मानसेर काकाले भन्नुभयो र म हेर्न गएँ । सिमेन्ट प्लास्टर गरेको छतमा मृगौलाजस्तै चिल्लो कालो ढुङ्गा भेटियो । घरभित्र पसेर हेर्दा बारूदको दागजस्तै भित्तैभरि कर्‍याङकुरूङ रेखाजस्तो कोरिएको थियो । घर अलि डाँडामा पनि भएकोले चट्याङ खसेको रछ। त्यो चट्याङढुङ्गा चोइटिएको थियो । जोडेर हेर्दा मृगौलाजस्तै लाम्चो गोलो थियो । झन्डै मान्छेको हातको औंला जति लामो थियो । पछि वहाँहरूले ‘हामीलाई चाहिन्छ पठाइदिनुस्’ भनेपछि मैले वहाँकै भदैनी गमिता राईलाई दिएको थिएँ । सायद बेलायत पठाइसक्नुभयो होला” (२०७६ चैत २०) ।

बेलायत पुगेको त्यो चट्याङढुङ्गा प्रत्यक्ष हेर्न सम्भव नभए पनि त्यसको तस्बिर चाहिँ सामाजिक सञ्जालबाट उपलब्ध भएको छ। उपलब्ध तस्बिर हेर्दा नवपाषाण उपकरण बैथरजस्तो नभएर त्यो चट्याङढुङ्गा कालो रंगको मृगौला आकारको छ।





तस्बिर १ : हाडुङ्गेस्थित श्रीजंग राईकी कान्छी श्रीमती दयनसरी राईको घरको सिमेन्ट ढलान गरिएको छतमा फेला परेको चट्याङढुङ्गा। हाल बेलायत निवासी दयनसरी राईसँग सुरक्षित रहेको यो चट्याङढुङ्गाको तस्बिर गमिता राईको सहयोगमा सामाजिक सञ्जाल 'म्यासेन्जर'मा प्राप्त भएको हो।

## बैथरको बनोट

स्थलगत अध्ययनका क्रममा भेटिएका सातवटा बैथरमध्ये ६ वटा चोइटिएको र भाँच्चिएका थिए । एउटा मात्रै सग्लो अवस्थामा प्राप्त भएको थियो । पानीले भिजाएर घोट्दा आउने रंगका आधारमा स्थानीयहरूले बैथरलाई रातो, सेतो, कालो र पहेंलो भनेर वर्गीकरण गर्ने गरेका रहेछन् ।

**नमुना १ :** सग्लो अवस्थामा भेटिएको बैथर यो मात्रै हो । दुरूस्तै बन्चरोजस्तो यो बैथरको लम्बाइ ७.५ सेन्टिमिटर रहेको छ । यसको काट्ने धारको चैडाइ ६.३ सेन्टिमिटर र बिँडपट्टिको भाग साँघुरिएकोले ३.५ सेन्टिमिटर छ । मोटाइ १.७ सेन्टिमिटर रहेको यो बैथरको काट्ने धार थोरै खिइएर भुत्ते भएको छ ।



तस्बिर २ : बोहेम्माका दक्षबहादुर राईको सङ्कलनमा रहेको बैथर

**नमुना २** : धारपट्टिको भाग थोरै साँघुरिएर पछाडिको भाग क्रमशः फुकिँदै गएको झैं देखिने यो बैथर निकै लामो थियो भन्ने देखिन्छ । भाँचिएको अवस्थामा रहेको यो बैथरको लम्बाइ ८ सेन्टिमिटर छ । बैथरको बीच भागमा मोटाइ २.८ सेन्टिमिटर र भाँचिएको स्थानमा मोटाइ ३.२ सेन्टिमिटर रहेको छ ।



तस्बिर ३ : बोहेम्माका दिलबहादुर राईको सङ्कलनमा रहेको बैथर

**नमुना ३** : भाँचिएको अवस्थामा यो बैथरको लम्बाइ ७.६ सेन्टिमिटर छ। यो पनि आकारमा लामो थियो भन्ने देखिन्छ। धारपट्टि ४.४ सेन्टिमिटर चौडाइ रहेको छ। यसको धारमा थोरै फुटेको देखिन्छ। दायाँ र बायाँपट्टि यसको अधिकत्तम मोटाइ २ सेन्टिमिटर छ । बिँड (फेद) पट्टि साँगुरिँदै गएको थियो भन्ने यसको चौडाइ ३.९ सेन्टिमिटर भएबाट स्पष्ट हुन्छ। यसको धारको भाग अलि बढी फुकिएको र पछाडिको भाग थोरै साँघुरिएको छ।



तस्बिर ४ : बोहेम्माका कपिराज राईको सङ्कलनमा रहेको बैथर

**नमुना ४** : निकै चुस्त र परिष्कृत देखिने यो बैथरको धार अहिले पनि फलामे बन्चरोभ्कैं धारिलो देखिन्छ। धारपट्टिको भागमा यसको चौडाइ ४.२ सेन्टिमिटर र फेदपट्टि ३.६ सेन्टिमिटर छ। भाँचिएको अवस्थामा यसको लम्बाइ ३.९ सेन्टिमिटर छ। यो बैथरको भाँचिएको फेदपट्टिको भागमा मोटाइ १.१ सेन्टिमिटर छ।



तस्बिर ५ : हाडुङ्गेका शंखराज राईको सङ्कलनमा रहेको बैथर

**नमुना ५** : चोइटिएर यो बैथरको काट्ने धार मात्र बाँकी छ। यसको धार अरूजस्तो तेर्सो नफैलिएर गोलो थियो भन्ने देखिन्छ। भाँचिएको अवस्थामा यसको लम्बाइ ५ सेन्टिमिटर छ भने चोइटिएको पछाडिपट्टिको भागमा मोटाइ १.१ सेन्टिमिटर छ।



तस्बिर ६ : हाडुङ्गेका शंखराज राईको सङ्कलनमा रहेको बैथर

**नमुना ६** : यो बैथरको काट्ने धार आधा हुने गरी दुई टुक्रा भएको छ । भाँचिएको अवस्थामा यसको लम्बाइ ५.५ सेन्टिमिटर, धारपट्टि चौडाइ ३ सेन्टिमिटर र फेदपट्टि चौडाइ २ सेन्टिमिटर छ । समात्ने भागपट्टि पनि भाँचिएको यस बैथरको अधिकत्तम मोटाइ २ सेन्टिमिटर रहेको छ ।



तस्बिर ७ : हाडुङ्गेका देव राईको सङ्कलनमा रहेको बैथर

**नमुना ७** : बैथर भनेर नै सङ्कलन गरेर राखिएको यो झट्ट हेर्दा पाषाण उपकरणजस्तो देखिँदैन । यसको खास काट्ने धार पनि छैन । यदि यो पाषाण हतियार नै हो भने पूरापाषाण या मध्यपाषाण हतियार हुन सक्छ । यो काट्ने, कोर्ने बैथरभन्दा पनि यदि हो भने ठोक्ने हतियारझैं देखिन्छ । यसको लम्बाइ ८ सेन्टिमिटर र बीच भागमा मोटाइ ३ सेन्टिमिटर छ ।



तस्बिर ८ : बोहेम्माका कपिराज राईको सङ्कलनमा रहेको बैथर

## २.३ सांस्कृतिक विश्वास र प्रयोजन

स्थलगत अध्ययनमा प्राप्त जानकारीअनुसार किरात राई समाजमा बैथरको चारथरि प्रयोजन छ- एक, पितृ-पुर्खासँग सम्बन्ध । किरात राई समाजमा आकाशमा बस्ने आदिम मुन्दुमी पुर्खा पारूहाँ (पारूहाङ) ले पानी पार्छन् र उनै पारूहाँले बैथर खसाउँछन् भन्ने आम विश्वास छ । एक स्रोतव्यक्तिले यसरी सुनाएका थिए, "पहिलापहिला बाउबाजेहरूले 'पारूहाँले माथि आकाशबाट चट्याङ हानेको हो' भन्थे । पानी परेन भने ' लौ पारूहाँवा वा रूप्द्यु' (लौ पारूहाँले पानी बिर्क्यायो, बन्द गर्‍यो) भन्थे ।"

बैथरबारे धामीहरूले मुन्दुमका रिसिया (श्लोक)हरू पनि गाउने गर्छन् । २०७४ सालमा खोटाङको छोरम्बु क्षेत्रबाट सङ्कलन गरिएको मुन्दुममा धामीले यस्तो रिसिया (श्लोक) गायन गरेका थिए-

**रिसिया (चाम्लिङ नेपाली)**

त्योप्पानाम ओको छियापोर्मा मैदी, धिवा पोर्मा मैदी
कुरूङ्मा साचुङ्मा बाना, बुलिमा रिब्लिमा बाना
हे ए ऽऽऽ त्योप्पानामङो आसेधुङको हैकाम बैथर, निनाम बैथरची उम्बोधोमा मैदी पा
ए ऽऽऽ हैकाम बैथर, निनाम बैथर बोखामा दुदी
श्लोक (भावानुवाद)
त्यसउसले यी साना खोलाहरू बढे, ठूला खोलाहरू बढे
आँधीहुरी आयो, भूकम्प आयो
ए त्यसउसले गर्दा नै उहिलेको ढुंगे हतियार, ए वज्र (चट्याङ)ढुङ्गाहरू जमिनमा गाडिए

**रिसिया (चाम्लिङ नेपाली)**

त्योप्पानाम बे मोबु-काकु उम्बोसोला दाम्फ्रोका दाम्ल्योका
आसे सिचिया रोलोवा वासा दाम्फ्रोका दाम्ल्योका
कुङ्केरा वासा दाम्फ्रोका दाम्ल्योका ना
कुङ्केरा वासा दाम्फ्रोका दाम्ल्योका
त्योप्पानाम बो कैबे छिवा पोर्मा मैद्यु, धिवा पोर्मा मैद्यु
ए ऽऽऽ वाताम्मा वारिम्मा मैद्यु
नाइम्मा सिकिमा ए ऽऽऽ आसे कुरूङ्मा साचुङ्मा साङा
हैकाम बैथर निनाम बैथर आसेसो बोखामा दुदी
बुलिमा रिब्लिमा साङा
श्लोक (भावानुवाद)
त्यसउसले पो काफल पाक्यो चरा (मोबु काकु)को आवाज दूरदूरसम्म गुन्जियो
उहिलेदेखि सिचिया-रोलोवा चराहरूको आवाज दूरदूरसम्म गुन्जियो
कर्याङकुरूङ चराको आवाज दूरदूरसम्म गुन्जियो
कर्याङकुरूङ चराको आवाज दूरदूरसम्म गुन्जियो
त्यसउसले पो सानो खोला पनि बढ्यो, ठूलो खोला पनि बढ्यो
ए पोखरीहरूमा पानी भरिए
(बजुहरू) नाइम्मा, सिकिमा ए
उहिले आँधीहुरी चल्यो
ढुंगे हतियार, वज्र (चट्याङ)ढुङ्गा उहिले जस्तै भूमिमा गाडियो
जमिन हल्लाउँदै भूकम्प आयो

(स्रोतव्यक्ति : मोपा धामी त्रिभुराज राई, २०७४ वैशाख २५)

उल्लेखित मुन्दुमको रिसिया (श्लोक)मा जमिनमा भेटि्टने बैथरलाई हैकाम बैथर र आकाशबाट खस्ने बैथरलाई निनाम बैथर भनेर दुई भाग वर्गीकरण गरिएको छ । आकाशबाट खस्दा बैथर (वज्रढुङ्गा)ले धरतीमा

भूकम्पले झैं कम्प ल्याउने वर्णन पनि गरिएको छ । र, पारूहाँ (पारूहाङ) आकाशमा बस्दछन् भन्ने विश्वास किरात राईहरूमा छ ।

दुई, सांस्कृतिक प्रयोग । मृतात्मालाई धामीले वाण हान्दा अथवा एउटा धामीले अर्को धामीलाई वाण हान्दा अदृश्य रूपमा बैथर प्रयोग गर्छन् भन्ने समाजमा विश्वास छ । कतिपयले चाहिँ चुला र पितृपूजा गर्दा बैथरलाई पुज्ने गरेका छन् । धामीहरूले चाहिँ चिन्ता (धामी) बस्दा तयार गरिने थानथपनामा बैथर राख्ने गरेका छन् । उनीहरूले मुन्दुममा दुःखविमार ठीक गरिदिन पुकार गर्ने क्रममा पितृ र प्रकृतिसँगै शक्तिको स्रोतको रूपमा प्रकृतिका विभिन्न वस्तुहरूसँगै बैथरलाई पनि सम्मनपूर्वक सम्बोधन गर्छन्-

“अँ उपचारका लागि होइन, साया माग्न मात्रै हो । उपचारको लागि अर्कै रिसिया गर्नुपर्छ नि । रिरामचुर्मा गर्न कसको घरमा चिन्ता बसेको छ, कसको मिचिनुङ छ त्यो अनुसार गर्नुपर्छ । लुमाखर दैदिए, हुमाखर, खौवाखर, हुम्मा-चुर्माखर दैदिए; सामोरी, सारिकुदीपा बो, सालापा नाइम्मा पापा पारूहोँच्योउ; निनाम्मा हैखामा, बोखामा हैखामा कुरूङ्मा साचुङ्माची हैकाम बैथर निनाम बैथर भन्दै सोध्दै (पुकार्दै) लानुपर्छ । विरामीलाई उपचार गर्ने मन्त्र (रिसिया) नै यही हो” (ऐजन त्रिभुराज राई) ।



तस्बिर ९ : खोटाङ, छोरम्बुका मोपा (धामी) त्रिभुराज राईले घर-चिन्ता गर्दा

स्थापना गरेको थानथपनामा राखिएको दुईवटा बैथर

मुन्दुममा बैथरबारे यसरी पनि पुकार गरिन्छ-

रिसिया (चाम्लिङ नेपाली)

मेसुङ्री मेथाम्रीची माहुला पाहुला
ओमाला छिमालाची माहुला पाहुला
यसुङसुङची माहुला पाहुला नाम् बो
खारूनाम बाना बो, धिरिला-वातिप्ला साङा हे ऽऽऽ

छिवा पोर्मा, धिवा पोर्मा हे ऽऽऽ
कुरूङ्मा साचुङ्मा बो बानाको हे ऽऽऽ
हैकाम बैथर निनाम बैथरची आसे ओको रिमा-वल्मा पामैडाको नाम् ऽऽऽ
आसे सौँ बुलिमा-रिबिमा बो रिमावल्मा पामैडाको

श्लोक (भावानुवाद)
आहरिसेहरू रूखपातझैं झरे
सल्ला, सालका पातहरू झरे
चिलाउनेका पातहरू झरे
घाम छिप्पियो, बर्खा लाग्यो, खोला-नदीका दोभानमा पानी बढ्यो
खोलाहरू बढे, नदीनालाहरू बढे
आँधीहुरी चल्न थाले
आकाशबाट झर्ने वज्रढुङ्गाहरू, धरतीका ढुंगे हतियारहरू उहिलेदेखि चलाउने-खेलाउने गरेको है
भूकम्पहरू उहिलेदेखि चल्ने-खेल्ने गरेको है

(स्रोतव्यक्ति : मोपा त्रिभुराज राई, २०७४ वैशाख २५)

उल्लेखित मुन्दुमको रिसिया (श्लोक)मा उहिले पुर्खाहरूको पालादेखि बैथर प्रयोग गर्दैआएको उल्लेख गरिएको छ ।

तीन, औषधिका रूपमा प्रयोग । किरात राई समाजमा हरेक घरमा बैथर हुनुको महत्त्वपूर्ण कारणमध्ये औषधिका रूपमा प्रयोग गर्नु हो । पानीले भिजाउँदै बैथर (बैठर) घोटेर त्यसको लेप लगाउँदा घाँटीमा आउने गल्फु, घाँटी दुख्ने, टन्सिल, बिच्छी-खजुरोले चिलेको, साँपले डसेको, कालो विषालु माकुराले चिलेको सन्चो हुन्छ भन्ने विश्वास छ । त्यस्तै, सुत्केरी व्यथा लागेको बेला बैथर घोटेर पेटमा लेप लगाउँदा बच्चा छिटो पैदा हुन्छ भनेर पनि प्रयोग गर्ने गरिएको छ । एक स्रोतव्यक्तिले यसरी बताए-

> “मैले थर्कुला बारीमा माटोमा रातो रंगको बैथर लडिराखेको भेटेको थिएँ । तर टुक्रिएको थियो । धर्केधर्के थियो । आमालाई ‘यस्तो भेटेँ के हो’ भनेर देखाउँदा ‘ए यो त बजर पो, ओको ना चट्याङ धाको रछ (यो त बजर पो परेको रछ), ओखति तिरे (औषधि हुन्छ)’ भन्नुभयो । म सायद त्यो बेला त्यस्तै २० वर्षवरपरको थिएँ होला । अहिले ७० वर्ष पुगेँ । म घरमा नभएको बखत आमाले सुँगुरको जगर किन्न आउने लिम्बूलाई दिएर पठाउनुभएछ ।” (शंखराज राई, २०७६ चैत २०)

चार, चट्याङबाट सुरक्षा । घरमा बैथर राख्यो भने चट्याङ पर्दैन भन्ने विश्वास पनि समाजमा रहेको छ । राई समाजमा घरघरमा बैथर राख्नुको एउटा महत्त्वपूर्ण कारण यो पनि हो । यस्तो विश्वास निर्माण हुनुमा बैथर आकाशबाट आदिम पुर्खा पारूहाँले खसाउँछ भन्ने मिथकको भूमिका छ ।

## नवपाषाण उपकरण बैथर: संक्षिप्त छलफल

हलेसी क्षेत्रका जम्माजम्मी दुईवटा गाउँबाटै ७ वटा नवपाषाण उपकरण बैथर भेटिनुले पूर्वी पहाडमा यस्ता उपकरण अझै पनि प्रशस्त प्राप्त गर्न सकिन्छ भन्ने सङ्केत दिएको छ । बैथरसँग स्थानीयहरूको सांस्कृतिक र व्यवहारिक प्रयोजन जोडिएको हुनाले नै ती अहिलेसम्म संरक्षित हुन सकेका हुन् । यद्यपि बैथरहरू लोप हुने क्रम पनि उत्तिकै तीव्र छ । स्थलगत अध्ययनका क्रममा पुगिएको ३३ घरका मध्ये प्राय: सबैले आफूसँग बैथर रहेको बताए तर फेला पार्न सकेनन् । यदि यो तथ्याङ्कलाई हेर्ने हो भने संरक्षणभन्दा हराउने क्रम तीव्र छ । यही गतिमा लोप हुँदै जाने हो भने अन्तिममा धामीहरूसँग मात्रै बैथर बाँकी रहने पक्का छ । सांस्कृतिक हतियारका रूपमा प्रयोग गर्ने हुनाले उनीहरूले अन्तिमसम्म पनि बैथर संरक्षण गर्ने छन् तर त्यसबेला बैथरको संख्या दुर्लभ हुने छ ।

किरात राई समाजमा बैथर र वज्रढुङ्गालाई एकै रूपमा बुझ्ने गरेको देखिन्छ तर यी दुई अलगअलग वस्तु हुन् भन्ने कुरा स्थलगत अध्ययनबाट स्पष्ट भएको छ । नाम एउटै भए पनि वज्रढुङ्गा चट्याङ पर्दा फेला पर्ने वस्तु हो भने बैथर नवपाषाण हतियार । यो नवपाषाण हतियारले खास कालखण्डको प्राग्इतिहासका बारेमा महत्त्वपूर्ण तथ्यहरू खोतल्न सहयोग पुग्ने छ ।

समग्र किरात राईहरूले हलेसी क्षेत्रलाई आफ्ना आदिम पुर्खाहरूले कपास खेती गरेर तान बुन्न थालेको हुनाले सभ्यता उद्गमस्थलका रूपमा श्रद्धापूर्वक लिने गरेका छन् । लगभग ४००० वर्षअघिदेखि किरातीहरू हलेसी क्षेत्रमा बसोबास गर्न थालेको आँकलन पनि गर्ने गरिएको छ (चाम्लिङ, २०८०) । हाल त्रिधार्मिक धामका रूपमा स्थापित प्राकृतिक गुफा हलेसीमा किरात राईहरूका आदिम पुर्खाहरू खारू, पातेसुङ बस्दथे भन्ने मुन्दुमी मिथक प्रचलित छ । मोहनाझाडिमा (मोहनजोदाडो ?)बाट आएका बायुङ राईका पुर्खा रूङको सम्मानमा खारू र पातेसुङले हलेसी गुफामा मुन्दुमी भेला आयोजना गरेका थिए भन्ने मुन्दुमी मिथक सबैभन्दा ठूलो पितृकार्य सेग्रो (ह्वङसिली) गर्दा बताउने गर्दछन् (राई, २०८०) । पाण्डेय र रेग्मी (२०६२) को जनजातीय संस्कृतिले प्राग्इतिहास अध्ययनमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छ भन्ने मान्यतालाई स्वीकार गर्ने हो भने हलेसी क्षेत्रमा किरातीहरू प्राग्ऐतिहासिक कालदेखि बसोबास गर्थे र समग्र पूर्वी पहाड प्राग्ऐतिहासिक महत्त्वको क्षेत्र हो भन्न सकिन्छ ।

स्थलगत अध्ययनका क्रममा सङ्कलन गरिएका यी नवपाषाण उपकरण बैथर जमिनमुनिको खास तहबाट सङ्कलन गरेको नभएर घरघरमा राखिएको सङ्कलनबाट प्राप्त भएकोले रासायनिक परीक्षणबाट यसको कालक्रम निर्धारण गर्न सकिने अवस्था छैन । त्यसैले, यी नवपाषाण हतियारको कालक्रम निर्धारण गर्न सकिने एक मात्र आधार बनावट (typology) हो । बनावटका आधारमा अध्येताहरूले भारतको आसाम र नेपालको पूर्वी पहाडका नवपाषाण उपकरणको बनावट समान रहेको बताएका छन् । र, पूर्वी भारतको आसाम र उत्तरी चाचरस्थित दाओजली हडिङमा प्राप्त नवपाषाण ढुङ्गे हतियारको कालक्रम 'कार्बन डेटिङ'अनुसार इसापूर्व दोस्रो मिलेनियमको रहेको छ (Sharma, 1983) । यसलाई आधार मान्दै पाण्डेय र रेग्मी (पाण्डेय र रेग्मी, २०६२) ले आसामका विभिन्न स्थलहरूमा नवपाषाणकालका विभिन्न उपकरण र नेपालको पूर्वी पहाडका उपकरणको बनावटमा समानता भएकोले ठोस प्रमाण प्राप्त नहुन्जेल पूर्वी नेपालको नवपाषाणकाललाई इसापूर्व २००० देखि

इसापूर्व १००० बीचको समयमा राख्नु उपयुक्त हुने मत राखेका छन् । पुरातात्त्विक अध्ययनबाट नयाँ तथ्यहरू फेला नपरेसम्मका लागि अहिलेलाई हलेसी क्षेत्रमा फेला परेका नवपाषाण हतियार बैथरलाई पनि बढीमा इसापूर्व २००० कै मान्नुपर्ने देखिन्छ (चाम्लिङ, २०८०) । यसले एकथरि मानव पुर्खाहरू पूर्वी पहाडमा ४००० वर्षवरपरदेखि बसोबास गर्न सुरू गरेको आँकलन गर्न सकिन्छ ।

बैथरले नेपालको पूर्वी पहाडको प्राग्ऐतिहासिक अध्ययनमा महत्त्वपूर्ण आधार प्रदान गर्नेछ। त्यति मात्रै होइन, यसले आदिम मानव पुर्खाहरूको ओहोरादोहोर र बसोबासबारे पनि केही प्रकाश पार्ने छ। केही अध्येताले पूर्वी पहाडलाई दुईथरि पाषाण उपकरण प्रयोग गर्ने मानव पुर्खाहरूको भेटघाट भएको स्थलका रूपमा पनि लिने गरेका छन् । आसाम र उत्तर-पूर्वी भारतमा प्राप्त नवपाषाण उपकरण (straight and facetted edges of rectangular cross-section) र दाङ उपत्यकाको कटुकी सेवरमा प्राप्त सेतो-खैरो ढुङ्गा (whitish grey sandstone) बाट बनेको ढुङ्गे हतियारको बनावटमा निकै भिन्नता छ । ती दुई फरक पारा (strains) का पाषाण हतियार निर्माण गर्ने मानवहरू नेपालको पूर्वी पहाडमा भेट भएको हुन सक्ने अनुमान गर्ने गरिएको छ (Sharma, 1983) । बनर्जी र शर्मा (1969) ले आसाम र पूर्वी पहाडका नवपाषाण उपकरणको आकारप्रकार (typology) का आधारमा के पनि अनुमान गरेका छन् भने आसामबाट नेपालतर्फ नवपाषाण हतियार विस्तार हुँदै आएको हो । यो अनुमानको अर्थ हुन्छ, आदिम मानव पुर्खाहरू आसामबाट नेपालतर्फ फैलिएका हुन् ।

त्यसो भए पूर्वी पहाडमा पाइने यी नवपाषाण उपकरण बैथर प्रयोग गर्ने मानव समुदाय कुन थियो ? तत्कालका लागि यसका दुईवटा सम्भावनाहरूमाथि छलफल गर्न सकिन्छ । पहिलो सम्भावना हो, हालका किरातीहरूका पुर्खाहरूले नै यी नवपाषाण उपकरण बैथर प्रयोग गरेको हुनुपर्छ। यसका दुई आधार दिइएको छ-

एक, किरात राईहरूका मुन्दुम र मुन्दुमी मिथकहरूमा हत्तपत्त बाह्य विषयले प्रवेश पाएको देखिँदैन । उनीहरूले बोल्ने मातृभाषाहरू कमजोरदेखि लोपोन्मुख अवस्थासम्म पुगिसकेका छन्। उनीहरूका केही महत्त्वपूर्ण मौलिक संस्कृतिमा हिन्दू धर्म र संस्कृतिको उल्लेख्य प्रभाव देख्न सकिन्छ । तर, मुन्दुम र मुन्दुमी मिथक मात्रै यस्तो मौखिक ज्ञान परम्परा हो जहाँ बाह्य प्रभाव ज्यादै न्यून छ । यसले किरातीहरूको मुन्दुम र मुन्दुमी मिथकमा उनीहरूको ज्ञान परम्पराको मौलिकता जीवित हुन्छ र यसमा बाह्य प्रभाव ज्यादै कम हुने गर्छ। त्यति मात्रै होइन, मुन्दुममा किरातीहरूले भोगेका ससाना घटना र वस्तुहरूबारे ज्यादै कम भनिएको हुन्छ, ज्यादात्तर चाहिँ पुर्खाहरूको जीवनमा प्रभाव पार्ने ठूला र विशिष्ट घटना तथा वस्तुहरूका बारेमा उल्लेख गरिने गर्दछ । त्यस अर्थमा मुन्दुमी रिसिया (श्लोक)मा बाह्य प्रभावका कारण बैथरबारे प्रवेश पाएको भन्न मुस्किल पर्छ ।

दुई, मुन्दुममा आदिम किराती पुर्खाहरू शिकार गरेर जीविकोपार्जन गर्थे र आकाशबाट बैथर खसाउँछन् भनेर किरात राईहरूले विश्वास गर्ने पुर्खा पारूहाङ स्वयं पनि शिकारी युगका पुर्खा थिए भन्ने मिथकले बताउँछ। सम्भवतः कुनै बेला किराती पुर्खाहरूले पाषाण उपकरणका रूपमा बैथर प्रयोग गरेको हुनाले अहिले पनि मुन्दुममा बैथरको पुकार हुन्छ र पारूहाङले आकाशबाट खसाउँछ भन्ने विश्वास गरिएको हो। किराती पुर्खाहरूको जीवनसँग सम्बन्ध नहुँदो हो त यसलाई यति महत्त्व दिएर सांस्कृतिक जीवनको अभिङ्ग बनाइँदैनथ्यो । किराती पुर्खाहरूले प्रयोग नगरेको भए नवपाषाण उपकरण बैथरले अहिलेसम्म पनि किरात राई समाजमा सांस्कृतिक निरन्तरता पाउनु सम्भव हुने थिएन । यी केही सांस्कृतिक तथ्यहरूले मुन्दुममा 'हैकाम बैथर', 'निनाम बैथर'

भनेर नवपाषाण उपकरणको उल्लेख जो हुने गर्छ, त्यो बाह्य प्रभावमा ग्रहण गरिएको नभएर किरातीहरूको प्राग्ऐतिहासिक जीवनसँग जोडिएको उपकरण हो भन्न सकिने आधार दिएको छ। नेपालको परिप्रेक्ष्यमा यहाँको प्राग्ऐतिहासिक परम्परालाई बुझाउन जनजातिहरूको संस्कृतिले बढी सक्षम भूमिका खेल्छ भन्ने पाण्डेय र रेग्मी (२०६२)को निचोडले पनि यो तर्कमा बल पुग्छ । यस परिप्रेक्ष्यबाट पूर्वी पहाडका किरातीहरूको संस्कृतिको अध्ययन प्रारम्भ पनि भएको छ (चाम्लिङ, २०७७/०७८) ।

यति हुँदाहुँदै पनि किराती समुदायमा प्रचलित मुन्दुमी मिथकहरूमा शिकार खेल्नका लागि पुर्खाहरूले धनुकाँडको प्रयोग गरेको उल्लेख हुन्छ, बैथरले शिकार गरेको मिथकहरू आजसम्म सङ्कलन भएको देखिएको छैन । यदि किरात पुर्खाहरूले आदिम युगमा बैथर प्रयोग गरेर शिकार खेल्ने गरेको भए धनुकाँडको जस्तै मिथकहरू बन्नुपर्थ्यो । त्यसैले, यी बैथरको प्रयोग किराती पुर्खाहरूले नै गरेका थिए त भन्ने प्रश्न खडा हुन जान्छ । त्रिभुराज राईबाटै सङ्कलन गरिएको उल्लेखित मुन्दुमको रिसिया (श्लोक)मा 'हैकाम बैथर निनाम बैथरची आसे ओको रिमा-वल्मा पामैडाको नाम् ऽऽऽ' (आकाशबाट झर्ने वज्रढुङ्गाहरू, धरतीका ढुंगे हतियारहरू उहिलेदेखि चलाउने-खेलाउने गरेको है) भनेर आदिम किराती पुर्खाहरूले बैथर प्रयोग गर्थे भन्ने सङ्केत गरिएको छ ।

यति हुँदाहुँदै पनि एउटा महत्त्वपूर्ण प्रश्न भने अनुत्तरित हुन पुगेको छ- नेपालका पुरातत्त्व तथा प्राग्इतिहास अध्येताहरू पूर्वी पहाडका नवपाषाण उपकरणको बनोट आसामका नवपाषाण उपकरणसँग मिल्छ भने आसाम र नेपालको पूर्वी पहाडका नवपाषाण हतियार प्रयोग गर्ने आदिम मानव समुदाय एउटै थिए त ? आसामका नवपाषाण प्रयोगकर्ता मानव समुदाय कुन थियो ? यसबारे सम्भवतः भारतमा खास निचोड प्राप्त भइसकेको पनि हुन सक्छ तर मलाई थाहा नभएको हुन सक्छ। यसकारण यसबारे निर्धक्क भन्न सकिने अवस्था छैन तर एउटा आधारमा थप छलफल चाहिँ गर्न सकिन्छ । भाषाशास्त्री तथा किरात इतिहासका अध्येता सुनीतिकुमार चटर्जी (१९९८)ले आसामका आदिम जातिहरू अक (ह्रुरोसो), अबोर (अदी), मिरी र दाफ्लालाई नेपालका प्राचीन जाति (किरात)हरूको दाजुभाइका रूपमा चित्रित गरेका छन् जो नेपालका दाजुभाइका तुलनामा सभ्यताको युगमा प्रवेश नगरेको जातिका रूपमा उल्लेख गरेका छन् । चटर्जीको सङ्केतले आसामका नवपाषाण उपकरण प्रयोग गर्ने सम्भावित समुदाय यी आदिवासीहरू हुनसक्ने देखिन्छ । यदि यो सही हो भने किरातीका पुर्खाहरू आदिम युगमा आसामदेखि नेपालका पहाडी क्षेत्रमा शिकार खेल्ने क्रममा ओहोरदोहोर गरिरहन्थे भन्न सकिन्छ र ती किरातीहरूका पुर्खाहरू नै हुन सक्छ । किनभने, अहिलेसम्म पूर्वी पहाडका प्राचीन समुदायमा किरातबाहेक अरू थिए भन्ने कुनै पनि अध्ययनले भनिसकेको छैन । यही शङ्काको सुविधा लिएर नेपालको पूर्वी पहाड र आसाममा पाइने नवपाषाण उपकरण प्रयोगकर्ता एकै समुदायका आदिम किरातीहरू हुन सक्छन् भन्ने तर्क गर्न सकिन्छ । यही तर्क समातेर विशुद्ध नवपाषाण उपकरण बैथरका आधारमा किरातीहरू नेपालका पूर्वी पहाडहरूमा कम्तीमा ३००० र बढीमा ४००० वर्षअघि प्रवेश गरिसकेका थिए भन्ने आँकलन गर्न सकिन्छ ।

पूर्वी पहाडका नवपाषाण उपकरण बैथर प्रयोग गर्ने आदिम मानवहरू किरातबाहेक अरू पनि हुन सक्छन् ? यो कोणबाट पनि छलफल गर्न सकिने केही आधारहरू छन् । मानवशास्त्री मानवशास्त्री फुरर-हाइमेनडोर्फले काठमाडौं उपत्यकाका नेवारहरूमा गोरुले खेत नजोती धान खेती गर्ने प्रचलन भारतका मुन्डा (कोल) जातिको प्रभाव हो । गोरुले नजोतीकन धान खेती गर्ने कृषि प्रविधिको विकास गरेका मुन्डा (कोल)हरू नवपाषाणकालको अन्तिमतिर आसामबाट बसाइँ सरेर काठमाडौं आइपुगेका थिए (Malla, 2015) । अहिले ती

मुन्डा (कोल)हरू मध्यभारतको पहाडी भेगमा बसोबास गरिरहेको भए पनि त्यसभन्दा पहिले उनीहरू (नेपालका) हिमाली क्षेत्रका जंगलहरूमा लामो समय बसेको र किराती भाषामा मुन्डा (कोल) भाषाको प्रभाव रहेको चर्चा भारतको विस्तृत भाषिक सर्वेक्षण गरेका जर्ज ग्रियर्सनले चर्चा गरेका छन् (Grierson, 1927) । भारतीय इतिहास शिवप्रसाद डबराल (२०२५)को मतमा ती मुन्डाहरूलाई किरातीहरूको ठूलो हुलले आफूमा समाहित गरेको हुनाले उनीहरूको स्वतन्त्र अस्तित्व बाँकी रहेको छैन । यी तथ्यले पनि देखाउँछ- यदि पूर्वी पहाडका नवपाषाण उपकरण निर्माण तथा प्रयोग गर्ने प्रथम मानव समुदाय आसामबाट नेपाल प्रवेश गरेका मुन्डाहरू थिए भने पनि बैथर प्रयोग गरेर शिकार गर्ने मुन्डा संस्कृति आदिम समयमै किरातीहरूले ग्रहण गरिसकेका थिए ।

पाण्डेय र रेग्मीले भक्तपुर जिल्लाको चाँगुनारायण मन्दिरनजिकै डुमाखालको उत्खननमा पाँचौं शताब्दीमा सुरू भएको लिच्छविकालको ऐतिहासिक शिल्पकृतिहरूकै स्तरमा पाइएको प्राग्ऐतिहासिक नवपाषाण उपकरणलाई या त लिच्छिविकालिक मानवले उपयोग गरेको या ऐतिहासिक कालको मानवले पुराना शिल्पकृति सङ्ग्रह गरेको हुनुपर्छ (पाण्डेय र रेग्मी, वि.सं. २०६२) भनेर अनुमान गरेका छन् । त्यस्ता शिल्पकृतिहरू किन संग्रह गरिए त ? प्रयोजन के थियो ? भन्ने उत्तर उनीहरूले दिएका छैनन् । तर, यस्ता शिल्प तथ्यहरू सङ्ग्रह गर्नुको केही कारण हलेसी क्षेत्रमा गरिएको स्थलगत अध्ययनले खुलस्त गरेको छ । खासगरीकन पूर्वी पहाडका किरात राईहरूका घरघरमा सङ्कलनमा भेटिने नवपाषण उपकरण बैथर सङ्कलन गरेर राख्नुका मूलभूत रूपमा सांस्कृतिक विश्वास, चट्याङ नियन्त्रक र औषधिका रूपमा प्रयोग गरिने भएकोले यस्ता पाषाण शिल्पकृतिहरू सङ्कलन गरिएको स्पष्ट हुन्छ । सम्भवतः ऐतिहासिक लिच्छविकालीन तहभित्र डुमाखालमा भेटिएको नवपाषाण उपकरण यस्तै प्रयोजनमा प्रयोग गर्ने क्रममा संरक्षण गरिएको हुन सक्छ । यदि यो सही सावित भएमा त्यसले प्राग्इतिहासकालमा पूर्वी पहाडदेखि काठमाडौं उपत्यकासम्म एउटै संस्कृति भएको समुदायको उपस्थिति थियो भन्न सकिन्छ । यद्यपि यो अध्ययनको अर्को पाटो हो ।

## निचोड

किरात राई (चाम्लिङ) भाषामा बैथर भनिने यी शिल्पकृति प्राग्इतिहास अध्ययनमा महत्त्वपूर्ण पुरातात्त्विक शिल्पकृति हुने छन् । समग्र पूर्वी पहाड नै यस्ता नवपाषाण उपकरण 'बैथर' का लागि उर्वर क्षेत्र हो भन्ने उत्साहप्रद सङ्केत हलेसी क्षेत्र (खोटाङ)को बोहेम्मा र हाडुङ्गे दुई गाउँका सात घरबाट सङ्कलन गरिएका सातवटा शिल्पकृतिहरूले गरेको छ । यद्यपि पूर्वी पहाडमा अब बैथर धेरै लामो समयसम्म सुरक्षित रहन नसक्ने स्थलगत अध्ययनले देखाएको छ । बैथर सङ्कलन गर्ने क्रममा तीन दर्जनभन्दा बढी घरहरूमा पुग्दा अधिकांशले आफूसँग भएको बताए पनि विभिन्न कारणले हराइसकेको बताए र केवल सात घरमा मात्रै सुरक्षित रहेको पाइयो । त्यसरी हराउनुमा प्रमुख कारणमा भूकम्प र अन्य कारणले नयाँ घर बनाउन पुरानो घर भत्काउँदा पुरिने तथा हराउने गरेको छ । त्यसबाहेक यसको महत्त्व थाहा नपाउँदा हराउने अथवा फालिदिने गर्नाले पनि यी नवपाषाण उपकरण बैथर लोप हुने स्थितिमा पुगेको छ । यस्तै अवस्था रहेमा अब जेजति बैथरहरू भेटिन्छन् ती पनि लोप हुने खतरा रहेको छ । अन्तिममा धामीहरूसँग मात्रै बैथरहरू संरक्षित हुने अवस्था छ ।

प्राग्इतिहास अध्ययनमा किराती समुदायमा प्रचलित संस्कृतिको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण रहने देखिएको छ । विश्वव्यापी रूपमा परम्परागत सांस्कृतिक अभ्यासहरूका आधारमा प्राग्इतिहास अध्ययन प्राज्ञिक

परम्परा पनि विकास भइसकेको छ । नेपालकै प्रागइतिहासबारे अध्ययन गरेका अध्येताहरूले पनि जनजातीय संस्कृतिलाई प्राग्इतिहास अध्ययनको महत्त्वपूर्ण स्रोतका रूपमा लिनुपर्ने मान्यता राख्ने गरेका छन् । यो लेखमा यही दृष्टिकोणलाई आधार बनाइएको छ । त्यस सन्दर्भबाट हेर्दा थुप्रै अपूर्णताहरू हुँदाहुँदै पनि यो लेख नयाँ प्राज्ञिक अभ्यास अन्वेषण गर्ने अग्रसरता हो ।

किरात राईहरूमा मौखिक ज्ञानपरम्पराका रूपमा प्रचलित मुन्दुम र मुन्दुमी मिथकहरूले उनीहरूका पुर्खाहरू पूर्वी पहाड र हलेसी क्षेत्रमा बसोबास गर्दा शिकारी जीवनमा थिए भनेर सङ्केत गरेको छ । अहिले पनि दुई दर्जनभन्दा बढी भाषा बोल्ने समग्र किरात राईहरूले हलेसी क्षेत्रलाई आदिम पुर्खाहरू बसोबास गरेको स्थलका रूपमा लिने गर्दछन् । अहिले धार्मिक आस्थाको केन्द्रमा परिणत हुन पुगेको प्राकृतिक गुफा हलेसीमा किरातीहरूका आदिम पुर्खाहरू बसोबास गर्थे भनेर सांस्कृतिक विश्वास र मुन्दुम प्रचलित छ । यी सांस्कृतिक तथ्यहरूले हलेसी क्षेत्रलाई किराती पुर्खाहरू आदिम कालदेखि बसोबास गर्थे भन्ने सङ्केत गर्दछ । र, त्यही हलेसी क्षेत्रको दुईवटा गाउँमा ७ वटा नवपाषाण उपकरणहरू पनि सङ्कलन गरिएको भएको छ । ती नवपाषाण उपकरणसँग किरात राईहरूको आदिम पुर्खाहरूको कथा र विशेष सांस्कृतिक अभ्यासहरू पनि जोडिएको हुनाले बैथरहरू किरात पुर्खाहरूले नै प्रयोग गरेको हुन सक्ने एउटा प्रवल सम्भावना छ । अर्कोतिर, अध्येताहरूले आसामबाट मुन्डा जातिहरू नवपाषाण युगको अन्तिमतिर पूर्वी पहाड हुँदै काठमाडौं उपत्यकासम्म पुगेर गोरु नजोती धान खेती गर्न सुरू गरेका थिए र उनीहरूलाई किरातीहरूले आफूमा समाहित गरेको बताएको हुनाले बैथर गर्ने आदिम मानव पुर्खाहरू मुन्डाहरू पनि हुन सक्ने देखिएको छ । त्यसो हो भने पनि किराती पुर्खाहरूले आदिम युगमै मुन्डाहरूबाट बैथर प्रयोग सिकिसकेका थिए भन्न सकिन्छ ।

आजसम्म पूर्वी पहाडका यी नवपाषाण उपकरण बैथरहरू जमिनमुनिको खास सतहमुनि भने भेटिएका छैनन् । उत्खनन गरेर प्राप्त नभएका कारण यी उपकरणहरू प्रयोगको यकिन समय आँकलन गर्न सकिँदैन । तर, उत्खननका क्रममा भेटेर समय निर्धारण गरिएका उस्तै स्वरूपका उपकरणहरूसँग तुलना गरेर पनि काल निर्धारण गर्ने गरिएको हुनाले हलेसी क्षेत्रमा भेटिएका नवपाषाण उपकरण बैथरको पनि तुलनात्मक रूपमा समय निर्धारण गर्ने प्रयास गरिएको छ । त्यसरी हेर्दा नेपालका प्रागइतिहास अध्येताहरूले भारतको आसामका उपकरणहरूसँग मिल्दोजुल्दो रहेको हुनाले नेपालको पूर्वी पहाडका नवपाषाण उपकरणहरूलाई ३००० देखि ४००० वर्ष प्राचीन मान्ने गरिएको छ । अग्रज अध्येताहरूको यही प्रस्तावलाई मैले पनि सकार गरेर हलेसी क्षेत्रमा प्राप्त नवपाषाण उपकरण बैथरलाई बढीमा ४००० वर्ष प्राचीन हो र किरातीहरू त्यही समय वरपरदेखि पूर्वी पहाडमा बसोबास गर्दै आएका छन् भन्ने निचोड प्रस्तुत गरेको छु ।

## सन्दर्भसामग्रीहरू


चाम्लिङ, भोगीराज (वि.सं. २०७७/०७८). *छ्योरोसा : प्राग्ऐतिहासिक राई संस्कृति.* प्रज्ञा, पूर्णाङ्क १२१, अङ्क १. नेपाल प्रज्ञा-प्रतिष्ठान ।

चाम्लिङ, भोगीराज (वि.सं. २०८०). *हलेसी धाम : किराती दृष्टिकोण. हलेसी त्रिधार्मिक धाम शोधग्रन्थ.* धनप्रसाद सुवेदी, भोगीराज चाम्लिङ र मोहनकुमार तामाङ. हलेसी महादेवस्थान विकास समिति ।

डबराल, शिवप्रसाद (नवसंवत्सर २०२५). *उत्तराखण्ड का इतिहास : राजनैतिक तथा सांस्कृतिक इतिहास,* **भाग २**. वीर गाथा प्रकाशन ।

पाण्डेय, रामनिवास र दिनेशचन्द्र रेग्मी (वि.सं. २०६२). *नेपालको प्रागितिहास.* नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

राई, लोकबहादुर (वि.सं. २०८०). *सुम्नि तुम्लो यालो.* किरात बायुङ राई सुम्निखिम ।

Banerjee, N.R. & Janaklal Sharma (1969). *Neolithic Tools from Nepal and Sikkim*. Ancient Nepal, Number 9, October.

Chatterji, Suniti Kumar (1998). *Kirat-Jana-Kriti: The Indo-Mongoloids- Their Contribution to the History and Culture of India.* The Asiatic Society.

Grierson, G.A. (1927). *Linguistic Survey of India***.** Vol. 1 (Part i). Low Price Publications.

Liston, Jolie & Miko, Melson (2011). *Oral Tradition and Archaeology: Palau's Earth Architecture*. In *Pacific Island Heritage: Archaeology, Identity & Community*. Editors: Liston, Jolie; Geoffrey Clark & Dwight Alexander. ANU Press.

Malla, K.P. (2015). *From Literature to Culture: Selected Writings on Nepalese Studies, 1980-2010*. Himal Books.

Morey, Stephen (2022). *Pangwa Tangwa Prehistory- Evidence from Traditional Stories and Songs*. In *Ethnolinguistic Prehistory of the Eastern Himalaya*. Editors: Mark Post, Stephen Morey and Toni Huber.

Schaafsma, Curtis F. (2004). *Truth Dwells in the Deeps: Southwestern Oral Traditions and Archaeological Interpretations.* Journal of the Southwest, Winter, 2004, Vol. 46, No. 4.

Sharma, Janak Lal (1983). *Neolithic Tools from Nepal*. Ancient Nepal, Number 75, April-May.

Wettstein, Marion & Stockhausen, Albon von (2022). *Ethnographic Comparision and Prehistory¿ A Comparision among the Dumi Rai of Eastern Nepal and the Feasts of Merit among the Ao Naga of Northeast India*. In *Ethnolinguistic Prehistory of the Eastern Himalaya*. Editors: Mark Post, Stephen Morey and Toni Huber.